# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )

## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या ९ मितिः २०८१/१२/२६

**भाग-२**

**भीरकोट नगरपालिका**

## भीरकोट नगरपालिका प्रसुती भैंसी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२२**

### १. पृष्ठभुमि

भैंसीले वेत भरि दिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ । सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो वेत भरि नै उत्पादन कायम राख्न सकिन्छ । त्यसैले सो अवधि पशुको अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात पाडापाडीको स्याहारसुसार गर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी भीरकोट नगरपालिकाले प्रसती भैंसी भत्ता अनुदान कार्यक्रमलाई सरल र सहज

व्यवस्थित प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरपालिकाबाट यो कार्यविधि निर्माण गरी जारी गरिएको छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) नगरपालिकाः भन्नाले भीरकोट नगरपालिका सम्झनु पर्दछ ।

ख) नगर प्रमुखः भन्नाले भीरकोट नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ ।

ग) उप प्रमुखः भन्नाले भीरकोट नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृतः भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) कार्यपालिकाः भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ ।

च) न्यायिक समितिः भन्नाले भीरकोट नगरपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

छ) आर्थिक विकास समितिको संयोजकः भन्नाले नगरपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनुपर्दछ ।

ज) पशु सेवा शाखाः भन्नाले भीरकोट नगरपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

झ) अनुगमन समितिः भन्नाले नगर उपप्रमुखको सयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मिलित ५ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

ञ) प्राविधिक समितिः भन्नाले नगर प्रमुखको सयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मिलित ४ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

ट) कार्यविधिः भन्नाले प्रसुती भैंसी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

३. **उद्देश्यहरु**

क. दुधालु पशुको लैनो अवस्थामा थप स्याहारसुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन वृद्धि गरि सोहि अनुपातमा वेत भरी नै दुध उत्पादन कायम राख्ने ।

ख. पाडापाडिको संरक्षण, मृत्युदर कम गरी उचित वृद्धिदर तौल तथा गुणस्तर कायम राख्ने ।

ग. पशुको दुई वेतको अन्तर कम गरि उत्पादन लागत घटाउने ।

४. **कार्यक्रम संचालन हुने स्थानहरु** : भीरकोट नगरपालिकाको सबै वडाहरुमा संचालन हुने ।

५. **कार्यक्रमको अवधि** : यो कार्यक्रमको अवधि एक आर्थिक वर्षको हुनेछ तर आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिनेछ ।

६. **कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरु** :

क. एक वा एकभन्दा बढी दुहुना भैंसी पालेको हुनुपर्ने ।

ख. सम्बन्धित पशु सेवा शाखामा फर्म दर्ता गरेको वा नगरपालिकामा गठित प्राविधिक समितिको सिफारिस हुनुपर्नेछ ।

ग. सम्बन्धित पशु सेवा शाखामा पशु ब्याएको प्रमाण, वडाको सिफारिस सहित निवेदन पेश गरेको हुनुपर्नेछ ।

घ. अनिवार्य पशु बिमा गरेको हुनुपर्नेछ ।

ङ. आधिकारिक निकायबाट गरिव प्रमाणित गरिएका कृषक वा सूचीकरण भएका कृषकलाई प्राथमिकता दिइनेछ ।

च. अनुगमन गर्न जाँदा ब्याएको भैंसी र पाडापाडी उक्त कृषकको गोठमा अनिवार्य हुनुपर्नेछ । पाडापाडी साथमा नभएका (हथुवा) भैंसीलाई भत्ता उपलब्ध गराइने छैन ।

छ. बाहिरवाट खरिद गरी ल्याएको भैंसीलाई प्रसुती भत्ता दिईने छैन ।

७. **कार्यक्रम संचालनका लागि साझेदार छनौट प्रक्रियाः**

क. भीरकोट नगरपालिका पशु सेवा शाखाले अनुसूची-१ बमोजिमको दरखास्त आवह्वान गर्नेछ।

ख. अनुदान प्राप्त गर्न दफा ६ अनुसारको मापदण्ड पुरा गरेको कृषकहरुले नगरपलिकाको पशु सेवा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

ग. यो कार्यविधि लागु हुनुपुर्व प्राप्त भएका निवेदन यसै कार्यविधि बमोजिम प्राप्त भएको मानिनेछ।

घ. पेश भएका निवेदन अनुगमन समितिबाट अनुगमन गरी प्राविधिक समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ङ. नगर स्तरीय प्राविधिक समितिमा पेश भएका विवरणका आधारमा कृषकहरु छनौट हुनेछन्। प्रति कृषक प्रति भैंसी रु. ३००० का दरले अनुदान रकम उपलब्ध हुनेगरी प्राथमिकताका आधारमा कृषक छनौट गरिनेछ ।

च. तर यो कार्यविधि लागु हुनुपुर्व प्रसुती भैंसी भत्ताको लागि विनियोजन भएको रकम र भत्ता भुक्तानी पाउन दिएको निवेदनको संख्याको आधारमा विनियोजित रकम अपुग हुने भएमा दामाशाही आधारमा वितरण गर्न वाधा पुऱ्याएको मानिने छैन ।

छ. विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरिवको सुचिमा परेकालाई प्राथमिकता दिई सुची तयार गरिनेछ । यसो गर्दा पनि कृषक संख्या बढी भएमा पहिले ब्याउने पशुलाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरिनेछ । अन्य कृषक छनौट नगर स्तरीय प्राविधिक समितिको सिफारिस बमोजिम हुनेछ ।

ज. छनौट भएका कृषकले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्नेछन् ।

८. **अनुगमन मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः** यस कार्यक्रमको अनुगमन भीरकोट नगरपालिकामा गठित अनुगमन समितिले गर्नेछ ।

क) यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ र सो समितिले वडाबाट प्राप्त निवेदनलाई आधार मानी अनुगमन गरी दिइएको प्रतिवेदन प्राविधिक समिति पेश गरिनेछ । अनुगमन समितिलाई प्रचलित कानुन बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

| | |
|---|---|
| १) नगर उपप्रमुख | संयोजक |
| २) लेखा अधिकृत | सदस्य |
| ३) योजना अधिकृत | सदस्य |
| ४) सम्बधित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति | सदस्य |
| ३) पशु सेवा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य सचिव |

ख) तर यो कार्यविधि लागु हुनुपुर्व वडाबाट प्राप्त वडा मुचुल्का र सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ ।

९. **सेवा संचालन प्रक्रिया** : यस कार्यक्रम बमोजिमको सेवा संचालन गर्ने प्रक्रिया देहायको बमोजिम हुनेछ ।

क. भीरकोट नगरपालिका र छनौट भएका कृषकहरु बीच अनुसूची-२ बमोजिम सम्झौता गरिनेछ।

ख. अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई भीरकोट नगरपालिका कार्यालयबाट सम्बन्धित कृषकको खातामा भुक्तानी गरिनेछ ।

ग. कृषकले पशु ब्याएको प्रमाण र वडाको सिफारिस सहित अन्य कागजातहरु भीरकोट नगरपालिका पशु सेवा शाखामा पेश गरेपछि नगरमा गठित अनुगमन समितिले सम्बन्धित कृषकको गोठको अनुगमन गरि कृषकको भैंसी ब्याएको कुरा साचो हो भने मात्र नगरपालिका बाट भुक्तानीको लागि सिफारिस गर्नेछ ।

१०. **आर्थिक प्रशासन सेवा**ः कार्यक्रमको लेखा लेखांकन लेखापरिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

११. **नगरस्तरीय प्राविधिक समिति गठन**ः नगरस्तरीय प्राविधिक समितिमा तपसिलमा उल्लिखित सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३) आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४) पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

१२. **बाधा अडकाउ फुकाउने**ः यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ परे नगरपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

१३. **परिमार्जन**ः नगरपालिकाले जुनसुकै समयमा यो कार्यविधि संशोधन, परिमार्जन तथा खारेज गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा ७ क) सँग सम्बन्धित)

**भीरकोट नगरपालिका भित्रका कृषकहरुलाई प्रसुती भैंसी भत्ता अनुदान कार्यक्रमको लागि दरखास्त आह्वानको सुचना**

भीरकोट नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालन गर्ने कृषकहरुका प्रसुती भैंसीलाई प्रसुती भैंसी भत्ता अनुदान कार्यक्रम संचालन गरी वेत भरि नै बढी दुध उत्पादन कायम राख्ने, दुई वेतको अन्तर कम गर्ने र पाडापाडी स्वास्थ्य तन्दरुस्त राख्न तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुको आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको दिनदेखि तोकिएको ढाँचा अनुसारको आवेदन फाराम यस कार्यालयमा पेश गर्नुहुन र विस्तृत जानकारीका लागि भीरकोट नगरपालिका पशु सेवा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

कार्यक्रम संचालनका लागी कृषक छनौट तथा भुक्तानीको आधारहरु

- एक वा एक भन्दा बढी दुधालु भैंसी पालेको हुनुपर्नेछ ।
- अनिवार्य माउ, पाडापाडी र सम्बन्धित कृषक देखिने गरि फोटो पेश गर्नुपर्नेछ ।
- पशु सेवा शाखामा पशु व्याएको प्रमाण, वडाको सिफारिस सहित निवेदन पेश गरेको हुनुपर्नेछ ।
- अनिवार्य पशु बिमा गरेको हुनुपर्नेछ ।
- नगर स्तरीय प्राविधिक समितिको निर्णयको प्रतिलिपि एक/एक प्रति ।

## अनुसूची-२

(दफा ९ क) सँग सम्बन्धित)

**भीरकोट नगरपालिका भित्र रहेका प्रसुती भैंसीलाई प्रसुती भैंसी भत्ता अनुदानका लागि भीरकोट नगरपालिका र .................................. बीच भएको द्विपक्षीय सम्झौता**

भीरकोट नगरपालिका भित्र रहेका कृषकहरुका प्रसुती भैंसीलाई प्रसुती भैंसी भत्ता अनुदान कार्यक्रमको उदेश्य अनुरुपको उपलव्धि हासिल गर्न भीरकोट नगरपालिका यस पछि पहिलो पक्ष भनिने र भीरकोट नगरपालिका वडा नं ...... का श्री/श्रीमती/सुश्री ....................................... त्यस पछि दोश्रो पक्ष भनिने बीच तपशिलमा उल्लिखित शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्ने द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१. दोस्रो पक्षले तपशिल बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

- अनुदान रकमबाट लैनो माउ र पाडापाडीको विशेष स्याहार सुसार गर्नुपर्नेछ ।
- पौष्टिक दाना मिनिरल ब्लक, भिटामिन, ड्रेनचिंग, खोप आदिको व्यवस्था गर्नुपर्नेछ ।
- पशु वस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व बृद्धिका कार्यहरु गर्नुपर्नेछ।
- अनुदान कार्य अवधि समाप्त भएपछि पनि कृषकहरुले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ।
- दोस्रो पक्षबाट गर्नुपर्ने कार्यहरु सन्तोषजनक नपाएमा प्रचलित कानुन बमोजिम कारवाहीको भाग्दारी हुनुपर्नेछ ।

| **प्रथम पक्षः** | **दोस्रो पक्ष** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

आज्ञाले,

उदयबहादुर पराजुली

प्रमुख प्रशासकीय अधिकृत